नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार बोर्डको सचिवालय

बबरमहल, काठमाडौँ
फोन नं. ०१-४२२०३११
०१-४२२०४३३ ५६७
फ्याक्स नं. : ०१-४२२०५४३
Email : info@fepb.gov.np

## लोक कल्याणकारी विज्ञापन/सूचना प्रकाशन गर्न ईच्छुक सञ्चार माध्यमहरु (एफएम, टेलिभिजन, पत्रपत्रिका तथा अनलाईन मेडिया) लाई प्रस्ताव पेश गर्ने बारेको सूचना

(प्रकाशित मितिः २०८०/११/१३)

वैदेशिक रोजगार व्यवसायलाई प्रवर्द्धन गरी सो व्यवसायलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन तथा वैदेशिक रोजगारमा जाने कामदार र वैदेशिक रोजगार व्यवसायीको हक हितको संरक्षण गर्न गठित यस वैदेशिक रोजगार बोर्डले विभिन्न आम सञ्चारका माध्यमबाट सन्देशमूलक सूचना/लोक कल्याणकारी विज्ञापन प्रकाशन एवं प्रशारण गर्नुपर्ने भएको हुँदा त्यस्तो सूचना प्रकाशन एवं प्रसारण गर्न ईच्छुक सञ्चार माध्यमहरुले तपसिल बमोजिमका शर्तको अधीनमा रही यो सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र (२०८०/११/२० गते कार्यालय समयभित्र) यस सचिवालयमा प्रस्ताव पेश गर्नु हुन सूचित गरिन्छ।

<u>तपसिलः</u>

१. कम्पनी दर्ता एवं नवीकरण प्रमाणपत्र, प्रेश काउन्सिल दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र, व्यवसाय दर्ता प्रमाणपत्र, आ.व. २०७९/८० सम्मको करचुक्ता प्रमाणपत्रहरुको प्रतिलिपी संलग्न हुनुपर्नेछ। साथै यस सचिवालयमा सूचिदर्ता भएको हुनुपर्नेछ।

२. पत्रपत्रिकाको हकमा देशैभरी वितरण सञ्जाल भएको एवं एफ.एम., टेलिभिजन र अनलाईन सञ्चार माध्यमको हकमा नेपालीहरु वैदेशिक रोजागरमा जाने गन्तब्य मुलुकसम्म पहुँच भएको हुनुपर्नेछ। तर राष्ट्रिय भाषाहरु मैथिलि, भोजपुरी, अवधी, थारु, तामाङ्, मगर र बज्जिका भाषामा प्रकाशन/प्रशारण हुने सञ्चार माध्यमको हकमा सम्बन्धित भाषिक समुदायमा पहुँच हुनुपर्नेछ।

३. प्रस्तावक सञ्चार माध्यमले यस अघि श्रम, रोजगार एवं वैदेशिक रोजगारीको बिट सञ्चालन गरेको, उक्त विषयको समाचार समेटिएको वा सूचना कम्तिमा एक वटा/पटक प्रकाशन/प्रसारण गरेको प्रमाण संलग्न राख्नुपर्नेछ।

४. प्रस्तावक सञ्चार माध्यमले नेपाल सरकार विज्ञापन बोर्डबाट उपलब्ध हुने लोककल्याणकारी विज्ञापनमा समेत वैदेशिक रोजगारको विषय समेट्नुपर्नेछ।

५. प्रस्ताव पेश गर्दा आफ्नो सञ्चार माध्यममा चालु आर्थिक वर्षको लागि स्वीकृत भएको एकाई दररेट (सो को आधिकारिक प्रति) र सो दररेटमा कति प्रतिशत छुट दिन सकिन्छ स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। यस्तो छुट कम्तीमा १५ प्रतिशत हुनुपर्नेछ।

६. निर्धारित समयभित्र एवं रीत पुगेर आएका सबै सञ्चार माध्यमहरुमा बोर्ड सचिवालयले सूचना उपलब्ध गराउनेछ। सोको आकर्षक रुपमा डिजाईन एवं तयारी गरी प्रकाशन/प्रशारण गर्न सचिवालयमा सम्झौता गर्नुपर्नेछ। सम्झौताको लागि सम्बन्धित सञ्चार माध्यमको नमूना बमोजिम उपस्थित हुनुपर्नेछ। रीत नपुगी आएका एवं निर्धारित समयभित्र नआएका सञ्चार माध्यमहरुबाट सचिवालयले सूचना प्रसारण गर्न बाध्य हुनेछैन।

निर्देशक